# सूर्योदय नगरपालिकाको बजार व्यवस्थापन समिति गठन तथा परिचालन कार्यविधि, २०८०

कार्यपालिकाबाट स्वीकृत मिति: २०८०।११।०८ गते

**प्रस्तावना:** नेपालको संविधानको अनुसूची–८ बमोजिम स्थानीय बजार व्यवस्थापन गर्नको लागि बजार व्यवस्थापनको जिम्मेवारी स्थानीय तहलाई तोकिएको हुँदा विक्रेता र उपभोक्ताको हित र सुविधा कायम राख्न, स्थानीय बजारमा किनमेल हुने उपभोग्य वस्तु वा सेवाको गुणस्तर, परिमाण एवं मूल्यको अनियमितताबाट उपभोक्तालाई संरक्षण प्रदान गर्न स्थानीय बजारक्षेत्रबाट नै पहल गरी कार्य वाञ्छनीय भएकोले,

सूर्योदय नगरपालिकाको उपभोक्ता हित संरक्षण ऐन, २०७८ को दफा २८ को उपदफा (१क) ले दिएको अधिकार प्रयोग गरी सूर्योदय नगरपालिकाको नगर कार्यपालिकाले यो कार्यविधि बनाइ लागू गरेको छ।

## परिच्छेद – १
## प्रारम्भिक

**१. सङ्क्षिप्त नाम र प्रारम्भ:**

(क) यस कार्यविधिको नाम "सूर्योदय नगरपालिकाको बजार व्यवस्थापन समिति गठन तथा परिचालन कार्यविधि, २०८०" रहेको छ।

(ख) यो कार्यविधि नगर कार्यपालिकाबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ।

**२. परिभाषा: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:**

(क) "उपभोक्ता हित संरक्षण समिति वा समिति" भन्नाले सूर्योदय नगरपालिकाको उपभोक्ता हित संरक्षण ऐन, २०७८ को दफा ३ बमोजिम उप प्रमुखको संयोजकत्वमा गठित समिति सम्झनुपर्छ।

(ख) "कार्यालय" भन्नाले सूर्योदय नगरपालिकाको कार्यालय सम्झनुपर्छ।

(ग) "वस्तु" भन्नाले उपभोक्ताले उपभोग वा प्रयोग गर्ने वस्तुको सम्मिश्रणबाट बनेको पदार्थ सम्झनुपर्छ र सो शब्दले उपभोग्य वस्तुको निर्माणमा प्रयोग हुने कच्चा पदार्थ, रङ्ग, सुगन्ध वा रसायनलाई समेत जनाउँछ।

(घ) "विक्रेता" भन्नाले वस्तु वा सेवाको उत्पादक, पैठारीकर्ता, थोक वा खुद्रा विक्रेता, सेवा प्रदायक सम्झनुपर्छ। सो शब्दले होटल, लज, होष्टेल, खाजाघर संचालक आदिलाइ समेत जनाउने छ।

(ङ) "नगरपालिका" भन्नाले सूर्योदय नगरपालिकालाई सम्झनुपर्छ।

(च) "सेवा" भन्नाले व्यावसायिक सेवा, सञ्चार सेवा, निर्माण तथा इन्जिनियरिङ सेवा, वितरण सेवा, शिक्षा सेवा, वातावरणीय सेवा, वित्तीय सेवा, स्वास्थ्य र सामाजिक सेवा, पर्यटन सेवा, मनोरञ्जन तथा खेलकुद सेवा, यातायात सेवा लगायतका दस्तुर/पारिश्रमिक लिई वा नलिई प्रदान गरिने सम्पूर्ण सेवाहरू सम्झनुपर्छ।

## परिच्छेद – २
## बजार व्यवस्थापन समिति सम्बन्धी व्यवस्था

**३. बजार व्यवस्थापन समितिको गठन :**

(१) सूर्योदय नगरपालिकाका प्रत्येक स्थानीय बजारमा एउटा देहाय बमोजिमको बजार व्यवस्थापन समिति गठन गरिनेछ।

(क) सम्बन्धित वडाको वडा अध्यक्ष -संयोजक

(ख) सम्बन्धित वडाको वडा समितिबाट वडा समितिले निर्णय गरी तोकेको एक जना महिला सहित दुई जना सदस्य -सदस्य

(ग) सम्बन्धित बजारको दुई जना महिला सहित कम्तीमा चार जना प्रतिनिधि -सदस्य

(घ) सम्बन्धित टोलको टोल विकास समिति संयोजक -सदस्य

(ङ) सम्बन्धित वडाको वडा सचिव -सदस्य सचिव

(२) उपदफा (१) को खण्ड(क) को प्रयोजनका लागि स्थानीय बजार दुई वा सो भन्दा बढी वडाको सिमानामा रहेको अवस्थामा सबै वडाका वडा अध्यक्षमध्ये सहमतिको आधारमा एक जना संयोजक र अन्य सदस्य रहनेछन् ।

(३) उपदफा (१) को खण्ड (ग) को प्रयोजनका लागि स्थानीय बजारका विक्रेताहरूको भेलाले सर्वसम्मत निर्णय गरे बमोजिम हुनेछ र सो नभए निर्वाचनबाट हुनेछ ।

**४. बजार व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार :** दफा ३ बमोजिम गठन भएको बजार व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) आफ्नो बजारको नियमित अनुगमन गर्ने ।

(ख) आफ्नो बजार क्षेत्र अनुगमनको पूर्व कार्य योजना र मासिक अनुगमन कार्यतालिका बनाउने ।

(ग) कार्य योजना बमोजिम नियमित रूपमा बजार अनुगमन गर्ने र आवश्यकता बमोजिम आकस्मिक वा विशेष अनुगमन गर्ने,

(घ) वस्तु वा सेवाको दर्ता, आपूर्ति, मूल्य, गुणस्तर, नापतौल, विज्ञापन लगायतका व्यापारिक क्रियाकलापको अनुगमन गर्ने,

(ङ) कालोबजारी, एकाधिकार (सिन्डिकेट), मिलेमतो पूर्ण भाउ निर्धारण (कार्टेलिङ्ग), कृतिम अभाव तथा बजार प्रवेशमा अवरोध गर्ने जस्ता गैर प्रतिस्पर्धी व्यापारिक क्रियाकलाप भए/ नभएको अनुगमन गर्ने,

(च) कुनै वस्तुको अनुचित व्यापारिक क्रियाकलाप (मिसावट/गुणस्तरहिन) कम तौल भएको देखिएमा/भेटिएमा आवश्यकता अनुसार त्यस्ता वस्तु जफत गर्ने, नष्ट गर्ने, कारोबार रोक्का गर्ने वा बन्द गर्ने लगायतका कार्य गर्ने,

(छ) नगरपालिकाको बजार अनुगमन टोलीलाई अनुगमनमा सहयोग गर्ने ।

(ज) बजारमा भएका अनियमित गतिविधि आदिको बारेमा बजार अनुगमन टोलीलाई जानकारी दिने ।

(झ) उपभोक्ता हित संरक्षण समिति र नगर कार्यपालिकाबाट समय समयमा दिइएका निर्देशन एवं आदेश बमोजिमका कामहरू गर्ने,

## परिच्छेद – ३
## विविध

**५. संशोधन, खारेजी र बचाऊ :**

(१) यस कार्यविधिको समयसापेक्ष कार्यान्वयनका लागि नगर कार्यपालिका यस कार्यविधिलाई आवश्यक संशोधन गर्न सक्नेछ ।

(२) यस कार्यविधिको कार्यान्वयनको क्रममा कुनै द्विविधा उत्पन्न भएमा नगर कार्यपालिकाले निर्णय गरी बाधा अड्काउ फुकाउन सक्नेछ ।

(३) यस कार्यविधिमा व्यवस्था भएको प्रावधान सङ्घीय वा प्रादेशिक कानुनसँग बाझिएमा बाझिएको हदसम्म स्वत बदर हुनेछ ।